सहकारीको ट्राफिक सचेतना कार्यक्रम

बिर्तामोड *(ब्लाष्ट)* चाडपर्वमा धेरै सवारी सञ्चालन हुने हुँदा दुर्घटना बढ्ने भन्दै झापाको शिखर बचत तथा ऋण सहकारी संस्थाले दुर्घटना घटाउन सामाजिक सञ्जालबाट प्रचार प्रसार शुरु गरेको छ ।

सहकारीले अभियानलाई 'फेसबुक ट्राफिक सचेतना कार्यक्रम' भनेको छ। शनिबारदेखि शुरु भएको अभियानको राष्ट्रिय सहकारी बैङ्कका सञ्चालक महेन्द्र गिरी, जिल्ला ट्राफिक प्रहरी प्रमुख होमप्रसाद अधिकारी र इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख मोहनकुमार थापाले संयुक्त रूपमा सन्देशमूलक बोर्डको रिवन काटेर उद्घाटन गरेका छन् ।

संस्थाले चाड पर्वमा हिँडडुल बढी हुने, सडकमा सवारी साधनको चाप बढी हुने र यो समयमा बसमा यात्रासमेत बढी गरिने हुँदा दुर्घटनाको जोखिम बढ्ने भन्दै त्यसको न्यूनीकरण गर्न सामाजिक सञ्जालमार्फत सन्देश दिनका लागि फेसबुक सचेतना अभियान संचालन गरिएको संस्थाका अध्यक्ष दीपेन्द्र राउतले बताए । यो अभियान दसैंभरि चल्ने उनले बताए । सहकारी संस्थाले वचत तथा ऋणको मात्र काम गरिरहँदा शिखरले चाडपर्वलाई लक्षित गरी यस्ता ट्राफिक सचेतना कार्यक्रमको थालनी गरेकोमा जिल्ला ट्राफिक प्रमुख अधिकारीले प्रशंसा गरेका थिए ।

सामाजिक गतिविधिमा सक्रिय सहकारीप्रति सदस्यहरूको विश्वास बढ्ने राष्ट्रिय सहकारी बैङ्कका सञ्चालक महेन्द्र गिरीले बताए । बिर्तामोडमा मुख्य कार्यालय रहेको शिखरले झापामा फरक पहिचान बनाउन सफल भएको उनले बताए । सदस्यको विश्वास,भरोसा, कर्मचारीको मेहनत र सञ्चालकको निगरानीले नै संस्था सफलताको आठौं वर्ष सफलतापूर्वक पूरा गरी नवौं वर्ष प्रवेश गरेको अवसरमा शिखर साकोसले विभिन्न सामाजिक गतिविधि गरेको छ ।

शिखरले शनिबार रेडक्रस सोसाइटी बिर्तामोडको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम समेत सम्पन्न गरेको छ । उक्त कार्यक्रममा सुरक्षा प्रमुख, संस्थाका शेयर सदस्य, कर्मचारी, सञ्चालक समितिलगायत ५२ जनाले रक्तदान गरेको कार्यक्रम संयोजक विज्ञान खड्काले बताए । त्यसै गरी संस्थाले आगामी असोज १५ गते न्युन आर्थिक अवस्था भएका ५० घर परिवारलाई कपडा तथा खाद्यान्न सामाग्री वितरण गरिने जनाएको छ ।

ब्लाष्टको माउण्टेन बाइक सम्बाहाम्फेलाई

उपहार विजेतालाई माउण्टेन बाइक प्रदान गर्दै कुम्मायक गाउापालिका अध्यक्ष जयबहादुर चेम्जोङ ।

■ रमेश थापा/यासोक

ब्लाष्टको उपहार योजनाअन्तर्गत माउण्टेन बाइक पाँचथरको कुम्मायक-५ का नरेन्द्र सम्बाहाम्फेले प्राप्त गरेका छन् । तुम्बेवा, फाल्गुनन्द र कुम्मायकका ८० जना वार्षिक ग्राहकहरूमध्ये छनोटबाट सम्बाहाम्फेले माउण्टेन बाइक हात पारेका हुन् । शनिबार कुम्मायक गाउँपालिकामा एक कार्यक्रमको आयोजना गरी उनलाई गाउँपालिका अध्यक्ष जयबहादुर चेम्जोङले ब्लाष्टको उपहार प्रदान गरेका हुन् ।

सोही योजनाको दोस्रो उपहार कुम्मायक-१ का केशव थापाले प्राप्त गरेका छन् । उनले लाभा सिरिज ३० मोडलको टच मोबाइल प्राप्त गरेका हुन् । त्यस्तै तेस्रो उपहार फाल्गुनन्द-६ का ताराकुमार आङ्देम्बेले प्राप्त गरेका छन् । उनले चाँदीको सिक्का प्राप्त गरेका छन् । कुम्मायक गाउँपालिकामा २०७४ साल पुषबाट ब्लाष्ट पत्रिका वितरण हुँदै आएको छ । जिल्लाको व्यापारिक केन्द्रसमेत रहेको गाउँपालिकामा ब्लाष्ट पत्रिकाले महत्त्वपूर्ण भूमिका खेलेको भन्दै सहभागीले निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् । सोही कार्यक्रममा प्रमुख अतिथि कुम्मायक गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङले पत्रिकाले गाउँपालिकाको पर्यटन, कृषि पूर्वाधार र पर्यटनलगायत विभिन्न क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गरेका थिए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सीता आचार्य, नेकापाका प्रतिनिधि राजकुमार श्रेष्ठ, नेपाली काङ्ग्रेस कुम्मायक सभापति तुलसी निरौला, राप्रपा संयुक्तका जगतजङ लावती, स्वास्थ्य चौकी प्रमुख केदार खड्का, इलाका प्रहरी प्रमुख सइ दानबहादुर चौहानलगायतको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

लाभा मोबाइल हस्तान्तरण गर्दै कुम्मायक गाउँपालिका उपाध्यक्ष सीता आचार्य ।

तस्बिरहरु: ब्लाष्ट/रमेश थापा

रेविज विरुद्ध खोप

पथरीशनिश्चरे *(ब्लाष्ट)* १३ औं विश्व रेविज दिवसका अवसरमा मोरङको पथरीशनिश्चरे नगरपालिकाका घरपालुवा कुकुर र बिरालोलाई निःशुल्क रेविज रोग विरुद्धको खोप लगाउने अभियान शुरु भएको छ ।

वडानम्बर ६ स्थित मङ्गलबारेमा रहेको पशुसेवा केन्द्रमा शनिबार आयोजित निःशुल्क शिविरमा ६० वटा कुकुर र ३ वटा बिरालोलाई खोप लगाइएको छ। नगरप्रमुख दिलिपकुमार राई, ६ नम्बर वडाध्यक्ष जयबहादुर तामाङसहितले कार्यक्रमको उद्घाटन गर्दै रेविज खोप लगाएको कार्डसमेत पशुधनीलाई वितरण गरेका छन् । नगरपालिकाको पशुपंक्षी शाखा एवम् पाराभेटेरिनरी एण्ड लाइभस्टक एशोसियसन इकाई कमिटीको आयोजनामा शिविर सञ्चालन भएको हो । रेविज रोग उन्मूलनका लागि वडा-वडामा समेत कुकुर र बिरालोलाई खोप लगाउने योजना रहेको शाखाका प्राविधिक पर्वत शाहले जनाए ।

लायन्सको आँखा शिविर सम्पन्न

विराटनगर *(ब्लाष्ट)* लायन्स क्वल अफ विराटनगर हेल्थ प्रोफेसनको आयोजनामा निःशुल्क आँखा शिविरमा १ सय ५० जनाले आँखाको परीक्षण गरिएको छ । मोरङको ग्रामथान गाउँपालिका-४ मोतीपुरस्थित बिहीबार भएको उक्त शिविरमा विराटनगर आँखा अस्पतालको प्राविधिक सहयोगमा भएको हो । शिविरमा ११ जनामा आँखामा मोतीबिन्दु भेटिएको थियो । उनीहरूको आँखामा रहेको मोतीबिन्दुको निःशुल्क शल्यक्रिया विराटनगर आँखा अस्पतालमा हुने ग्रामस्थान गाउँपालिका-४ का वडा अध्यक्ष वैजनाथ विश्वासले जानकारी दिए ।

लेखापढी व्यवसायीमा न्यौपाने

विराटनगर *(ब्लाष्ट)* नेपाल लेखापढी व्यवसायी एशोसिएसन इकाई समिति विराटनगर मोरङको अध्यक्षमा कञ्चन न्यौपाने निर्वाचित भएका छन् ।

बिहीबार सार्वजनिक भएको मत परिणामअनुसार न्यौपानेले १ सय ६४ मत ल्याएका थिए । उपाध्यक्षमा चन्द्रलाल माझी, सचिवमा शिवशंकर गामी, सहसचिवमा तोयानाथ काफ्ले, कोषाध्यक्षमा हृदयकुमार राजवंशी र सहकोषाध्यक्ष गुणराज धमला विजयी बनेका छन् । यसैगरी सदस्यहरूमा धनञ्जय खनाल, मनोजकुमार यादव, आशिष राजवंशी, मदन कटुवाल, हेमराज यादव, नारयणकुमार यादव निर्वाचित भएका छन् ।

भद्रपुरमा डेढ करोडको लागतमा काली मन्दिर निर्माण गरिने

भद्रपुर *(ब्लाष्ट)* मन्दिर स्थापना भएको ५५ वर्षपछि पुनः डेढ करोडको लागतमा नयाँ मन्दिर निर्माण हुने भएको छ । झापाको सदरमुकाम भद्रपुर-१० स्थित चन्द्रगढी बजारमा रहेको काली मन्दिरलाई पुनः जीर्णोद्धार गर्न लागिएको हो ।

काली मन्दिरको नामले परिचित भएको मन्दिरलाई वि.सं. २०२१ सालमा तत्कालीन वडानम्बर ८ का वडाध्यक्ष स्व. बमसिंह राजवंशीले विधिवत् रूपमा स्थापना गरेपछि पूजा आराधना शुरु भएको थियो । स्थापनाको ५ वर्षपछि तत्कालीन गाउँपञ्चायतका प्रधानपञ्च धननाथ राजवंशीको सक्रियता र पुजारी स्व. दिलबहादुर राईको अगुवाइमा काली माताको मूर्ति, गणेश, शिवलगायतका मूर्तिलाई धार्मिक विधिअनुसार विधिवत् रूपमा प्राण प्रतिष्ठा गरेर राखिएको थियो । पूजा आराधना नियमित चलिरहेको अवस्थामा पछिल्लो समय मन्दिर जीर्ण बन्दै गएपछि गत आर्थिक वर्षमा मन्दिर पुनः निर्माण समिति गठन गरिएको थियो ।

नक्साको अवस्थाअनुसार अनुमानित डेढ करोडको लागतमा निर्माण सम्पन्न हुने निर्माण समितिका प्राविधिक चन्द्रप्रसाद चापागाईंले बताए । मन्दिरको स्वामित्वमा रहेको १८ धुर जग्गामा १४ धुरभित्र आधुनिक तवरको आकर्षक मन्दिर निर्माण गर्न लागिएको उनले जनाए । मन्दिर निर्माणका लागि नेपाल सरकारअन्तर्गत सङ्घ, प्रदेश, स्थानीय, उद्योगी, व्यापारी, धर्मानुरागीलगायत सबैबाट दान सङ्कलन गरिने व्यवस्था मिलाउँदै आएको समितिका आर्थिक संयोजक मोहन कुमाइँले बताए । हाल मन्दिरको खातामा ८ लाख रुपैयाँ रहेको र बाँकी दाताहरूको सहयोगबाट सम्पन्न हुने उनले जनाए । आउँदो मङ्सीर २१ गते शिलान्यास गरी दुई वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य लिइएको निर्माण समितिका संयोजक भीम पौडेलले बताए । हाल सञ्चालनमा आएको मन्दिरलाई भत्काएर सोही स्थानमा नयाँ मन्दिर निर्माण गरिने उनले जनाए । दाताहरूले दिएका हाल पूजा आराधना भइरहेको मूर्तिलाई मन्दिरपरिसरमा नै व्यवस्थापन गरेर नयाँ मन्दिरमा नयाँ मूर्ति राखिने उनले बताए । मन्दिर पुनः निर्माण भए पनि स्थापना भएका मूर्तिलाई विस्थापन गर्ने भन्ने समितिको निर्णयले खल्लो महसुस भएको एक भक्तले बताइन् । कसैले सुनको मूर्ति दान गर्छु भन्यो भने चाँदीको मूर्तिलाई विस्थापन गर्न नहुने उनको तर्क थियो ।

चन्द्रगढी बजारमा पुनःनिर्माण हुन लागेको मन्दिरलाई भद्रपुर नगरपालिका तथा वडा कार्यालयले सहयोग गर्ने नगरप्रमुख जीवनकुमार श्रेष्ठले बताए । बाहिरी जिल्लाका भक्तजनहरूलाई समेत दर्शन गर्न जाउँ-जाउँ लाग्नेखालको आकर्षक मन्दिर निर्माण गर्न लागिएको उनले बताए । पर्यटकको एउटा केन्द्रविन्दुसमेत हुने गरी मन्दिर निर्माण गरिने उनको भनाइ छ ।

UAE मा रोजगारको अवसर

कम्पनी :MUDIN AL EMARATE BLDG.CONT.LLC **शहर** UAE

पूर्व स्वीकृत मिति २०७६/०६/०६ चलनी नं.: ६०१४३५८० LT No.: 224424

सि. नं.	कामदारको पद	माग संख्या		न्युनतम योग्यता	मासिक तलब		ओभर टाइम सुविधा	प्रतिदिनु कामगर्ने घण्टा	हप्तामा कामगर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्न सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने.रु.							
1	Ordinary Labourer	30	0	सम्बन्धीत काममा दक्ष	900	२७,७६५/-	क.नि अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Mason	30	0		1200	३७,०२०/-							
3	Steel Fixer	30	0		1200	३७,०२०/-							
4	Shuttering Carpenter	40	0		1200	३७,०२०/-							
5	Painter	10	0		1200	३७,०२०/-							

प्रि-अन्तरवार्ता धमाधम भैरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट

Pit Training Centre, **जनकपुरमा असोज १२ गते** (29 sept.2019) **मा यस प्रा.लि.को कार्यालय, काठमाण्डौमा असोज १३ गते** (30 Sept. 2019) **मा** Binay Technical **इटहरीमा असोज १४ गते** (1 OCt. 2019) **मा हुनेछ ।**

स्वईच्छा वर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मरे मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वईच्छाले गरिने लाशे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/ब्यूरो र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैंले	बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने	रोजगारदाताले दिंदै	रोजगारदाताले व्यहोर्ने	कामदार आफैंले	रु. ७००/- कामदारले तिर्ने	रु. १,०००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

सैदैमिक रोजगार सेवाबाट लाइसन्स जानकारी :- १. आफ्नो नामका भिजा प्राप्त भई सोहोरो निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु दीनता । २. बाहु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क टेक्ना र फोन नं. हरु साथमा राख्नुहोला । आगु कठिनाइमा परी सम्पर्क गर्न सकिनी हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्टक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आगु आगु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य सर्तबारे राम्रो सँग पढेर मात्र कम्पनीले चाहेमा हस्ताक्षर गर्नु होला र यो को एक प्रति आफु सँग राख्नुहोला । ६. कामका सिलसिलामा विदेश जाञ्दा नेपालकै विमानबमन प्रयोग गर्नुहोला, अन्यथा हुनिने सम्भावना हुन्छ । ७. यस विज्ञापन कम्पनीमा भए सेवी बुझ्नुपर्ने सेवाशुल्क रोजगार सिफारिश, तालिमलगा मध्यमे गर्नुहोला ।

Manaslu International Services Pvt.ltd.
GPO Box: 21269, Dhumbarahi,ktm,Nepal,
Tel: 01-4425082, Mob. 9800902464, 9812398691, 9852674631
Govt.Lic.No. :151/056/57, Email: manaslunp@hotmail.com

चिचिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, संखुवासभा, १ नं. प्रदेश, नेपाल

करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०६/१२)

चिचिला गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत देहाय बमोजिमको पदमा खुला प्रतिस्पर्धाको आधारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा ईच्छुक आवेदकहरुलाई दरखास्त दिन १५ दिने सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयबाट वा कार्यालयको website: www.chichilamun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

विज्ञापन नं.	पद	पद सङ्ख्या	न्युनतम शैक्षिक योग्याता	कैफियत
CRM-१/०७६-०७७	अ.हे.व.	१ (एक) जना	मान्यता प्राप्त शिक्षण संस्थावाट अ.हे.व.वा सो सरह उत्तीर्ण गरी काउन्शिलमा दर्ता गरीएको प्रमाण पत्र	
CRM-२/०७६-०७७	अ.न.मी.	३ (तिन) जना	मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मी.वा सो सरह उत्तीर्ण गरी काउन्शिलमा दर्ता गरीएको प्रमाण पत्र	
CRM-३/०७६-०७७	अ.सब ईन्जिनियर	१ (एक) जना	मान्यता प्राप्त शिक्षण संस्थावाट असिस्टेण्ट सब इन्जिनयर उत्तीर्ण गरीएको प्रमाण पत्र	
CRM-४/०७६-०७७	बाल विकास सहजकर्ता	४ (चार) जना	SLC / SEE उत्तीर्ण गरेको प्रमाण पत्र	
CRM-५/०७६-०७७	कार्यालय सहयोगी	१ (एक) जना	सामान्य लेखपढ गर्न सक्ने	

ग्राहयता : (अनुभवी र स्थानीयबासीलाई प्राथमिकता दिईनेछ ।
दरखास्तको माध्यम :- ईच्छुक आवेदकले उपर्युक्त बमोजिमको दरखास्त दस्तुर रकम जम्मा गरेको भौचर साथ हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, व्यक्तिगत विवरण, आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र,साथमा राखी रीतपूर्वक आवेदन फाराम भरी, यस कार्यालयमा स्वयम् उपस्थित भई आवेदन दिनुपर्नेछ ।
उम्मेदवारको उमेर हद :- दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
दरखास्त दिने अन्तिम मिति : (सूचना प्रकाश भएको १५ औं दिन सम्म र उक्त अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।
परिक्षा किसिमःलिखित, अन्तरवार्ता र कार्यालय सहयोगीको हकमा अन्तरवार्ता मात्र ।
दरखास्त दस्तुर :- अ.हे.व. र अ.न.मी. को लागि रु. ७००।(र बाल विकास सहजकर्ताको लागि रु. ५००। (र कार्यालय सहयोगीको लागि रु. ३००।) दस्तुर लाग्नेछ ।
तलब : (कार्यालयले तोके बमोजिम हुनेछ ।
काम गर्ने स्थान :- गाउँपालिका अन्तर्गतका कार्यालय ।
सम्पर्क मिति :- २०७६/०६/२७ गते । परिक्षा मिति :- सम्पर्क मितिमा तोकिने छ ।
पुनश्च :- थप जानकारीको लागि यस कार्यालयको ठेगानामा सम्पर्क गर्न सक्नु हुनेछ ।

SAUDI को SHARQ TRANSPORT EST मा TRUCK DRIVER हरूलाई रोजगारको अवसर

कम्पनी : SHARQ TRANSPORT EST, SAUDI

पूर्व स्वीकृति मिति : २०७६/०५/१८ चलानी नं. ६०१४२८४७ L.T.NO. 223223

कामदारको पद	माग संख्या	मासिक तलब		हप्तामा काम गर्ने दिन	दिनमा काम गर्ने घण्टा	ओभर टाइम सुविधा	वार्षिक विदा	खाना सुविधा	बस्न सुविधा	करार अवधि
		SR	ने.रू.							
Truck Driver	24	1800	५२,२००	६ दिन	८ घण्टा	क.नि. अनुसार	छैन/छ			२ बर्ष

नोट : साथै स्काभेटर अप्रेटर (Excavator Opertor) र डिजल मेकानिकल (Disel mechanic)को माग भई आएकोले इच्छुकले चाँडै सम्पर्क गर्नुहोला ।

FAZAL INTERNATIONAL PVT. LTD.
Sinamangal, Kathamandu, Nepal
शाखा कार्यालय : बिर्तामोड, झापा विनायक होटल पछाडि
मोवाइल सम्पर्क : 9804963666, 9863786308, 9801540226, 9824973687

हार्दिक श्रद्धाञ्जली

जन्म
वि.सं.
२०५४/१०/२४ गते

स्वर्गारोहण
वि.सं.
२०७६/०५/३१ गते

माया तामाङ पोखेल

हाम्रा मित्र प्रधुम्न पोखेलको श्रीमती माया तामाङ पोखेलको अल्पआयुमै स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

साथीहरू

अन्जना शाक्य, सुनिल श्रेष्ठ, सुर्य प्र. गिरी, रमु राई तथा विशाल थापा